# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल।
Bagmati Province, Nepal

०११-१४१२११२
०११-१४१२११३
०११-१४१२११४


पत्र संख्याः २०८१/०८२
च.नं.

मितिः २०८१।१०/०७
ने.स.११४५ पोहेलागा-६,सोमवार

### विषयः संक्रामक स्वाइन फिवर रोग सम्बन्धी सार्वजनिक सूचना ।

उपर्युक्त सम्बन्धमा काठमाण्डौ उपत्यका लगायत देशका विभिन्न स्थानहरुमा सुङ्गुर बङ्गुरहरुमा लाग्ने संक्रामक महामारी स्वाइन फिवर रोग देखा परेको र काभ्रे जिल्ला पनि उच्च जोखिममा रहेकोले यस नगरपालिका क्षेत्रमा रहेका बङ्गुर पालन फर्महरुमा समेत यो रोगसँग मिल्दो जुल्दो लक्षण देखिनुका साथै केहि संख्यामा बङ्गुरहरुको मृत्यु समेत भएको सूचनाको आधारमा संक्रमित बङ्गुरबाट नमुना संकलन गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला त्रिपुरेश्वर, काठमाण्डौमा परिक्षणको लागि पठाईएकोमा RT-PCR विधिबाट परिक्षण गर्दा प्राप्त नतिजा Positive (पोजेटिभ) भएको रिपोर्ट प्राप्त हुन आएकोहुँदा उक्त रोग पुष्टी भएको छ । यो रोगको संक्रमण हुँदा **उच्च ज्वरो आउने, कान, पुच्छर पेटको तल्लो भागको बाहिरी छाला रातो हुने, शरिरमा निलो धब्बा देखिने, खाना नखाने, बान्ता गर्ने, छेर्ने, छट्पटाउने, लड्खडाउने, तुहिने** जस्ता लक्षणहरु देखिने र मर्ने गर्दछन्। यो रोग विशेष गरी रोगी बङ्गुर, त्यसका पाठापाठी, मासु, रोगी बङ्गुरको सम्पर्कमा आएका सामग्रीहरुको लसपस तथा ओसारपसारबाट फैलन सक्दछ। यो रोगको हालसम्म कुनै प्रभावकारी उपचार उपलब्ध नभएको र जैविक सुरक्षा नै रोग नियन्त्रणको उपाय भएको हुँदा रोग थप फैलिन नदिन तपसिल बमोजिमको कार्य गर्नु गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

- फार्ममा जैविक सुरक्षाका विधिहरूको अवलम्बन गर्ने,
- बङ्गुर पालिएको खोर र फार्म परिसरमा नियमित सरसफाई गरी चुना, ब्लिचिङ्ग पाउडर, फर्मालिन लगायतका निःसङ्क्रमणका औषधीहरू प्रयोग गरी निःसङ्क्रमण गर्ने,
- रोगको शंका लागेका बङ्गुरहरूलाई बथानबाट छुट्टाएर अलग्गै राख्ने,
- मरेका बङ्गुरहरुलाई राम्रोसँग खाडलमा गाड्ने वा जलाउने,
- घरपालुवा सुङ्गुर, बङ्गुरलाई जङ्गली बँदेलको सम्पर्कमा आउन नदिने,
- रोग देखा परेको क्षेत्रबाट सुङ्गुर प्रजातिपाठापाठी/, सङ्क्रमित मासु र दानाको ओसारपसार नगर्नेनगराउने/,
- कुनै पनि विरामी सुगुर, बङ्गुर, बँदेल मासुका लागि बध नगर्ने,
- अनिवार्य रूपमा स्वास्थ्य प्रमाणपत्र लिएर मात्र स्वस्थ सुङ्गुर बङ्गुर वा मासुको ओसारपसार गर्नेगराउने/,
- सुङ्गुर बङ्गुर तथा बँदेललाई होटेल रेष्टुरेन्टबाट फालिएका खानेकुरा नखुवाउने,
- तयारी दाना बाहेक अन्य आहारा खुवाउनु परेमा राम्ररी पकाएर मात्र खुवाउने।

**नोटः निःसंक्रणको लागि केहि औषधी पशुपन्छी विकास शाखाबाट निःशुल्क उपलब्ध हुने व्यहोरा जानकारीका साथै थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय अन्तर्गत रहेक पशु सेवा प्राविधिक वा नगर स्थित पशुपन्छी विकास शाखामा सम्पर्क गर्नहुन समेत अनुरोध छ।**

.............................
सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत